# निर्वाचन आयोग

आयोग र मातहतसमेत ७६ निकायको यो वर्ष विनियोजन रु. ४४ करोड ८२ लाख, राजस्व रु. ४१ लाख र धरौटी रु.१ करोड ९ लाखसमेत रु.४६ करोड ३२ लाखको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **वैदेशिक सहायता -** आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १६ मा प्रत्येक कार्यालयले सबै प्रकारका आय व्ययको महालेखापरीक्षकबाट अन्तिम लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ । आयोग र राष्ट्रसंघीय विकास कार्यक्रम र इन्टरनेशनल फाउण्डेशन फर इलेक्ट्रोरल सिष्टमबीच भएको सम्झौता अन्तर्गत यो वर्ष रु.४२ करोड ६८ लाख ५० हजार प्राप्त भएको विवरण पेश भएको छ । द्विपक्षीय तथा बहुपक्षीय स्रोतबाट २०७२।७३ मा प्राप्त हुने प्राविधिक सहायताको विवरणमा समावेश नभएको उक्त सहायताको आर्थिक विवरण पेश गरी लेखापरीक्षण गराएको छैन ।

उक्त सहायता अन्तर्गत रु.१७ करोड ६३ लाख ५३ हजारको ल्यापटप तथा सूचना प्रविधिसम्बन्धी सामानहरु प्राप्त भएकोमा वार्षिक केन्द्रीय आर्थिक विवरणमा समावेश गरेको छैन । वैदेशिक सहायतालाई राष्ट्रिय बजेट प्रणालीमा समावेश गरी लेखापरीक्षण गराउनुपर्दछ ।

२. **खर्च व्यवस्थापन -** स्थानीय तहको २०७४।१।३१मा हुने निर्वाचनको लागि आयोगलाई रु.१० अर्ब ३० करोड निकासा भएको छ । निर्वाचनको सिलसिलामा आयोगको अतिरिक्त सुरक्षालगायत अन्य सरकारी निकायहरुबाट समेत खर्च हुने सन्दर्भमा खर्चमा मितव्ययिता कायम गर्न मापदण्ड तथा नर्म्सको पालना गरी गराई खर्च व्यवस्थापन गर्नु पर्ने देखिन्छ ।

- **बेरुजू स्थिति-** आयोग र मातहतका समेत ११ निकायमा यो वर्ष रु. १ करोड ३४ लाख ८२ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि २ निकायले रु. १२ हजार फछ्र्यौट गरेकोले रु. १ करोड ३४ लाख ७० हजार बाँकी रहेको छ। सोमध्ये रु. २३ लाख २८ हजार पेश्की बाँकी रहेको छ।